**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख ३ गते**
गण्डकी प्रदेश सरकारले कोरोनाको सङ्क्रमण न्यूनीकरण गर्नका लागि क्वारेण्टाइनमा बसेका व्यक्तिलाई खाना र नास्ताबापत दैनिक ५ सय १० रुपियाँ उपलब्ध गराउने भएको छ । वैशाख २ गते बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश तथा स्थानीय सरकारले निर्माण गरेका क्वारेण्टाइनमा बसेकालाई खाना, नास्ताको लागि अबदेखि रकम उपलब्ध गराउने निर्णय गरेको सरकारका प्रवक्ता एवंम भौतिक पूर्वाधार विकास मन्त्री रामशरण बस्नेतले बताउनुभयो । यस्तै कोरोना सङक्रमणको रोकथामका लागि चाहिने आवश्यक सामग्री खरिद गर्न तीन ओटा सुरक्षा निकायलाई १५ लाख रुपियाँको दरले बजेट निकासा गरेको छ ।
**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा विदेशबाट आएका ३ सय ४८ जना मध्ये ३ सय २९ जनाको र्‍यापीड टेष्ट गरिएको छ । यस्तै १ सय १२ जनाको नमुना सङ्कलन गरिएकोमा १ सय ६ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने ६ जनाका रिपोर्ट आउन बाँकी रहेको छ ।
पोखरा महानगरपालिकाले नगरवासीका गुनासो सुनेर सम्भव भएसम्म तत्काल सम्बोधन गर्न टोल फ्रि नम्बर ११८१ मा फोन गरेर टिपाउन सक्ने व्यवस्था गरेको महानगरपालिकाका सूचना अधिकारी भरतराज पौडेलले जानकारी दिनुभयो । पौडेलका अनुसार जोखिममा परेका समुदायको समस्या लगायत नगरवासीका हरेक गुनासो सुनेर सम्भव भएसम्म तत्काल सम्बोधन गर्न टिम तयार गरिएको छ ।
रूपा गाउँपालिकामा अहिले सम्म ५६ जना विदेशबाट आएका छन् । जसमध्ये ३१ जना होम क्वारेण्टाइनमा बसेका छन् भने २५ जना गाउँपालिकाको क्वारेण्टाइनमा बसेर घर फर्किसकेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो । अध्यक्ष ओझाका अनुसार हालसम्म १ सय २० परिवारलाई राहत वितरण गरी सकिएको छ ।
माछापुच्छ्रे गाउँपालिकामा ६ सय २५ जना विपन्न परिवारको अन्तिम नामावली आएको र त्यसैको आधारमा राहत वितरणको तयारी भइरहेको गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर गुरुङले जानकारी दिनुभयो । उहाँको अनुसार स्वास्थ्यकर्मीले खाइपाइ आएको तलबमा गाउँपालिकाले थप २५ प्रतिशत प्रोत्साहन भत्ता प्रदान गर्नेछ ।
यस्तै अन्नपूर्ण गाउँपालिकाले स्थानीयहरूसँग कोदो खरिद गरी दाल र नुन सहित राहत बाड्ने तयारी गरेको छ । गाउँपालिकाले ४ हजार रुपियाँ प्रति मुरीका दरले करिब ४ सय मुरी कोदो खरिद गरिसकेको अध्यक्ष युवराज कुँवरले जानकारी दिनुभयो ।
मादी गाउँपालिकाले करिब ७ सय विपन्न परिवारलाई राहत वितरण गरिसकेको अध्यक्ष वेदबहादुर गुरुङले जानकारी दिनुभयो ।
**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार बागलुङ नगरपालिकामा ४३ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट परीक्षण गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य कार्यालय प्रमुख सुरज गुरौले बागलुङ जिल्लाकी १९ वर्षीया कोरोना सङ्क्रमित युवतीको सम्पर्कमा आएका २१ जनाको स्वाब सङ्कलन गरिएको जानकारी दिनुभयो । उहाँले स्वाब परीक्षणको लागि वैशाख ४ गते पोखरा पठाइने बताउनुभयो ।
**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार स्वास्थ्य कार्यालयले गरेको र्‍यापीड डाइगनोष्टिक टेष्टमा आरूघाट गाउँपालिकाका एक ३० वर्षीय युवामा कोरोनाको शङ्कास्पद लक्षण देखिएपछि वैशाख ३ गते स्वाब परीक्षणको लागि पोखरा पठाइएको थियो । पोखरामा स्वाबको परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको आरूघाट स्वास्थ्य शाखाका विजय श्रेष्ठले बताउनुभयो । .उहाँले आरूघाटकै अर्को व्यक्तिको स्वाब परीक्षणको रिपोर्ट पनि नेगेटिभ आएको बताउनुभयो । विदेशबाट

फर्किएका गोरखा नगरपालिकाका ३१ जना, आरूघाट गाउँपालिकाका २० जना र भिमसेन थापा गाउँपालिकाका २३ जनाको र्‍यापीड टेष्ट गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको जनस्वास्थ्य कार्यालय गोरखाका कोरोना फोकल पर्सन नारायण बाबु अर्यालले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार जिल्लामा वैशाख ३ गते २७ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो । यसअघि जिल्लामा १ सय ८० जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको थियो र सबैको रिपोर्ट नेगेटिभ देखिएको उहाँले बताउनुभयो । उहाँको अनुसार कोरोना उपचार अस्पताल भरतपुरमा देवचुली नगरपालिकाका एक जनाको स्वाब परीक्षणको रिपार्ट नेगेटिभ आएको छ । योसँगै जिल्लामा २५ जनाको स्वाब परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको उहाँले जानकारी दिनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्लामा भारत र तेस्रो मुलकबाट आएका ३ सय ११ जनाको कोरोना परीक्षण गरिएको पर्वत अस्पताल र स्वास्थ्य कार्यालयले जानकारी दिएका छन् । विदेशबाट आएकां व्यक्तिहरूमा सङ्क्रमणको सम्भावना रहेकाले स्थानीयतहले तयार गरेको सम्भावित कोरोना सङ्क्रमितहरूको सूची अनुसार उनीहरूको परीक्षण गरिएको पर्वत जिल्ला अस्पतालका निमित्त प्रमुख डा. शिशिर देवकोटाले जानकारी दिनुभयो ।

उहाँले पहिलो चरणमा तेस्रो मुलकबाट आएका ६६ जनाको स्वाब सङ्कलन गरी परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएपछि पुनः भारतबाट आएका सबैको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको डा. देवकोटाले बताउनुभयो । चैत्र महिना सुरू भएपछि भारतबाट कुल २ सय ४३ जना पर्वत आएका थिए । भारतबाट आएकाहरूको र्‍यापीड डाइगोनिष्ट टेष्ट गर्दा पनि रिर्पोट नेगेटिभ आएको डा. देवकोटाको भनाई छ ।

बागलुङमा र्‍यापीड डाइगनोष्टिक टेष्टमा पोजेटिभ देखिएकी महिलासँगै भारत भ्रमण गरेका पर्वतका थप दुई बृद्धको स्वाब परीक्षणको रिर्पोट नेगेटिभ आएको डा. देवकोटाले जानकारी दिनुभयो ।

पर्वत जिल्लामा आरडीटी र स्वाब परीक्षणबाट कुल ३ सय ११ जनाको परीक्षण गरिएको र हालसम्म कसैमा पनि कोरोनाको शङ्का नदेखिएको स्वास्थ्य कार्यालयका प्रमुख डा. भोजराज गौतमले जानकारी दिनुभयो ।

कोरोना सङ्क्रमित रहेका छिमेकी जिल्ला बाग्लुङ्बाट पर्वतमा प्रवेश कडाइ गरिएको छ । पर्वत प्रशासनले चैत ३ गते एक बिज्ञप्ति जारी गरी लकडाउनको समय थप भएको र कुनै पनि कामको बाहानामा बाहिर ननिस्कन चेतावनी दिएको छ ।

राष्ट्रिय गौरबको आयोजनाका रूपमा रहेको मध्यपहाडी लोकमार्गको निर्माण कार्य सुरू भएसँगै आकस्मिक बिरामीलाई थप उपचारका लागि पोखरा लैजान समस्या भएको छ । बिष्फोटक पदार्थ प्रयोग गरी पर्वत खण्डको चुवामा काम भइरहेका कारण घण्टौसम्म एम्बुलेन्स लगायतका अन्य अत्यावश्यक सवारी साधनहरूपनि समयमा पुग्न सकेका छैनन् ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा बैशाख ३ गते सम्म विदेशबाट आउने ७ सय २० जना मध्ये ३ सय ९२ जनाको आरडीटी किटबाट कोरोना परीक्षण गरिएको र सबैको रिर्पोट नेगेटिभ आएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताउनुभयो ।

लकडाउनलाई कडा बनाउन तनहुँका विभिन्न स्थानीयतहका विभिन्न स्थानमा स्थानीय बासिन्दाले सडक अवरूद्ध गरेका छन् । कोरोनाको जोखिम कम गराउन स्थानीय बासिन्दाले आफ्नो गाउँ ठाउँमा जाने सडकमा बाँस तथा ढुङगा मुढा राखेर अवरोध गरेका छन् ।

ग्रामीण भेगमा नागरिकहरूको आवतजावत बढ्न थालेपछि स्थानीय बासिन्दाले नै लकडाउन कडा बनाउन भन्दै सडकमा अवरोध गरेका छन् । ग्रामीण भेगमा जाने सडक, मोटरेबल पुल र झुलुङ्गे पुलमा स्थानीयबासिन्दाले आवतजावत रोक्न अवरोध गरेका छन् ।
अवरोध गरिएको ठाउँमा एम्बुलेन्स आएमा भने सर्वसाधरणले नै उक्त अवरोध हटाउने गरेका छन् । जिल्लाको व्यास नपा, शुक्लागन्डकी, भिमाद नपा तथा ऋषिङ गाउँपालिका र देवघाट जाने पक्की तथा कच्ची सडकमा स्थानीयले सडक अवरोध गरेका छन् ।
प्रमुख जिल्ला अधिकारी बद्रीनाथ अधिकारीले लकडाउन कडा बनाउने नाममा स्थानीय बासिन्दा आफैले सडक अवरोध गर्न नपाइने बताउनुभयो ।उहाँले सडक अवरोध गर्ने काम स्थानीय बासिन्दाको नभएको हुँदा कहीँ कतै त्यस्तो अवरोध गरेको भए त्यो तुरून्तै हटाउनु पर्ने बताउनुभयो ।
**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार म्याग्दी जिल्ला भित्र बसोबास गर्ने विदेशबाट आएका तथा कोरोनाको आशङ्का गरिएका १ सय ३० जनाको र्‍यापीड टेष्टको रिपोर्ट नेगेटिभ आएको छ ।
वैशाख ३ गते बेनी नगरपालिकामा ३५, धौलागिरी गाउँपालिका ७, मालिका गाउँपालिका १२, मङ्गला गाउँपालिकामा २६, अन्नपूर्ण गाउँपालिकामा १०, रघुगंगा गाउँपालिकामा ३ जना गरी अहिले सम्म म्याग्दीमा १ सय ३० जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट आरडीटी नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो ।
उहाँले रघुगंगा गाउँपालिकाबाट २ जना र बेनी अस्पतालबाट १ जना गरी ३ जनाको स्वाब परीक्षणको लागि पठाइएको बताउनुभयो ।
**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख ३ गते जिल्लामा विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ५९ जनाले सेवा लिएका छन् । जिल्ला भरी १२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट परीक्षण गरिएको छ । वैशाख ३ गते बेसिशहर नगरपालिकाको क्वारेण्टाइनमा चार जना र क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा दुईजनालाई राखिएको छ भने दुई जना घर फर्किसकेका छन् ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**